"रोङ विकासको मुख्य आधारः कृषि वन पर्यटन र पूर्वाधार"

# आर्थिक ऐन,२०८३

रोङ गाउँपालिका, इलामको आर्थिक ऐन, २०८३

## रोङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम

कोशी प्रदेश, नेपाल

# रोङ गाउँपालिकाको आर्थिक ऐन, २०८३

पारित मितिः २०८३/०३/१०
प्रमाणीकरण मितिः २०८३/०३/११
राजपत्रमा प्रकाशन मितिः २०८३/०४/०१

**प्रस्तावनाः**

रोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम रोङ गापालिकाको गाउँ सभाले यो आर्थिक ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **आर्थिक ऐन, २०८३** रहेको छ ।
   (२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि रोङ गाउँपालिका क्षेत्र भित्रमा लागू हुनेछ ।
२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।
३. **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।
५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** यस रोङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।
८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ, तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भए सोहि बमोजिम हुनेछ ।
९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।
११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।
१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।
१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

रोङ गाउँपालिका: इलाम आर्थिक ऐन, २०८३

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१६. **अन्य व्यवस्थाः** अन्य राजस्व क्षेत्रको पहिचान भई राजस्व संकलन गर्नुपरे गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

रोङ गाउँपालिका, इलामको आर्थिक ऐन, २०८३

## अनुसूची-१

**दफा २ सँग सम्बन्धित**

सम्पति करः

| क्र.सं. | सम्पतिको विवरण | दर |
|---|---|---|
| १ | फुस वा टिनको छाना भएको एक तले घर | ५० |
| २ | काठ/ईँटा/बाँसको जोडाई भई टिनको छाना भएको दुई तले घर | १०० |
| ३ | आर.सि.सि. एकतले घर | २०० |
| ४ | आर.सि.सि. दुई वा बढी तला भएको घर | न्यूनतम २०० र थप प्रतितला १०० |

## अनुसूची-२

**दफा ३ सँग सम्बन्धित**

क. मालपोत करः

| क्र.सं. | कर,दस्तुरको क्षेत्र | करको दर रु. (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | अब्बल | ३५ | |
| २ | दोयम | ३० | |
| ३ | सीम | २५ | |
| ४ | चाहार | २५ | |

ख. गत विगत वर्षदेखि मालपोत बुझाउन बाँकी करदाताहरुबाट बक्यौता मालपोत रकममा देहायको दरमा जरिवाना थप गरी मालपोत असुल गरिनेछ ।

| क्र.सं. | आ.व. | मालपोत असुली |
|---|---|---|
| १ | आ.व.२०७६/०७७ भन्दा अगाडी सबै आ.व. को | ३५ प्रतिशत |
| २ | आ.व. २०७७/०७८ | ३० प्रतिशत |
| ३ | आ.व. २०७८/०७९ | २५ प्रतिशत |
| ४ | आ.व. २०७९/०८० | २० प्रतिशत |
| ५ | आ.व. २०८०/०८१ | १५ प्रतिशत |
| ६ | आ.व. २०८१/०८२ | १० प्रतिशत |
| ५ | आ.व. २०८२/०८३ | ८ प्रतिशत |

## अनुसूची-३

**दफा ४ सँग सम्बन्धित**

**घर जग्गा बहाल करको दरः**

**क.** आवसीय र अन्य प्रयोजनका लागि घर बहाल लगाएकोमा बहाल रकमको १० प्रतिशतले लाग्नेछ ।

**ख.** जग्गा बहाल कर जम्मा वहाल रकमको ३ प्रतिशत (कृषि प्रयोजन) लाग्नेछ ।

**ग.** जग्गा बहाल कर जम्मा वहाल रकमको ५ प्रतिशत (व्यवसायी प्रयोजन) लाग्नेछ ।

अनुसूची ४

**दफा ५ सँग सम्बन्धित**

क. व्यवसाय दर्ता र नवीकरणको दरः

| क्र.सं. | व्यवसायको किसिम | दर्ता शुल्क | वार्षिक करको दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | (क) | (ख) | (ग) | |
| १ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल (राजमार्ग क्षेत्र) | १०० | ५५०० | ४५०० | २५०० | पानमा दर्ता भएको |
| २ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल (राजमार्ग क्षेत्र) | १०० | ५५०० | ४५०० | ३५०० | भ्याटमा दर्ता भएको |
| ३ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल (ग्रामीण क्षेत्र) | १०० | २५०० | २००० | १५०० | |
| ४ | खाना/भोजनालय/फास्टफुड्ड/नास्ता | १०० | २२०० | १६५० | ११०० | |

रोङ गाउँपालिकाको इलामको आर्थिक ऐन, २०८२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | चिया,मिठाई पसल | १०० | १७०० | १५०० | १२५० | |
| ६ | होटल एण्ड लज | १०० | २२०० | १६५० | ११०० | |
| ७ | रिसोर्ट | १०० | ५५०० | ४४०० | ३३०० | |
| ८ | होमस्टे | १०० | १६५० | १३२० | ११०० | |
| ९ | बेकरी क्याफे | १०० | ११०० | ११०० | ११०० | |
| १० | किराना पसल | १०० | २६५० | २२०० | १५०० | |
| ११ | टेलरिङ्ग | १०० | ११०० | ११०० | ११०० | |
| १२ | फोटो स्टुडियो | १०० | ११०० | ११०० | ११०० | |
| १३ | मासु पसल | १०० | ११०० | ११०० | ११०० | |
| १४ | बुटिक | १०० | ११०० | ११०० | ११०० | |
| १५ | पेन्टिङ्ग | १०० | ११०० | ११०० | ११०० | |
| १६ | डान्स सेन्टर (सिकाउने) | १०० | ११०० | ११०० | ११०० | |
| १७ | फर्निचर उद्योग | १०० | २७५० | २२०० | १६५० | |
| १८ | स–मील | १०० | २२०० | १६५० | ११०० | |
| १९ | कृषि तथा वनजन्य उद्योग | १०० | ११०० | ११०० | ११०० | |
| २० | सुन पसल (ज्वलरी) | १०० | २२०० | १६५० | ११०० | |
| २१ | कम्युनिकेशन सेन्टर | १०० | ११०० | ११०० | ११०० | |
| २२ | मोवाइल पसल | १०० | ११०० | ११०० | ११०० | |
| २३ | घडी बिक्री पसल | १०० | ११०० | ११०० | ११०० | |
| २४ | जुत्ता/चप्पल पसल | १०० | ११०० | ११०० | ११०० | |
| २५ | पुस्तक/स्टेशनरी पसल | १०० | ११०० | ११०० | ११०० | |
| २६ | टेलिफोन टावर | १०० | २०००० | १५००० | १५००० | |
| २७ | पान पसल | १०० | ११०० | ११०० | ११०० | |
| २८ | तमाखु पसल/हुक्का बार | १०० | १६५० | १३२० | ११०० | |
| २९ | कम्प्यूटर, फ्रिज, फोटोकपी, वासिङ्ग मेशिन जस्ता इलेक्ट्रोनिक पसल | १०० | २५०० | २००० | १३०० | |
| ३० | रेडिमेड तयारी लुगा पसल | १०० | २२०० | १६५० | ११०० | |
| ३१ | हार्डवयर पसल | १०० | २५०० | २००० | १३०० | |
| ३२ | ऐना शिशा पसल/प्लाई | १०० | ११०० | ११०० | ११०० | |
| ३३ | कस्मेटिक पसल | १०० | १६५० | १३२० | ११०० | |
| ३४ | तरकारी पसल | १०० | १५०० | १००० | ५०० | |
| ३५ | भाडाकुडा पसल | १०० | १६५० | १३२० | ११०० | |
| ३६ | गिफ्ट खेलौना पसल | १०० | ११०० | ११०० | ११०० | |
| ३७ | बीमा एजेन्ट | १०० | २२०० | १६५० | ११०० | |
| ३८ | पशु चिकित्सक | १०० | ११०० | ११०० | ११०० | |
| ३९ | साइवर क्याफे | १०० | ११०० | ११०० | ११०० | |
| ४० | विकास बैंक शाखा | १०० | १२००० | ९००० | ७००० | |
| ४१ | वाणिज्य बैंक शाखा | १०० | १२००० | ९००० | ७००० | |
| ४२ | शाखारहित बैंक | १०० | ५५०० | ४५०० | ३५०० | |
| ४३ | सहकारी संस्था | ५०० | ५५०० | ३५०० | २५०० | |
| ४४ | शाखा रहित वित्तिय संस्था | १०० | १०००० | १०००० | १०००० | अनिवार्य स्वीकृत लिनुपर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४५ | अन्य वित्तिय संस्था | १०० | ५५०० | ४५०० | ३५०० | |
| ४६ | भेटेरीनरी क्लिनिक | १०० | २२०० | १६५० | ११०० | |
| ४७ | उद्योगहरु | १०० | ११००० | ७७०० | ५५०० | |
| ४८ | प्राइभेट विद्यालय प्रा.वि. | १०० | ५००० | ५००० | ५००० | |
| ४९ | प्राइभेट विद्यालय मा.वि. | १०० | १०००० | १०००० | १०००० | |
| ५० | प्राइभेट विद्यालय उ.मा.वि. | १०० | १०००० | १०००० | १०००० | |
| ५१ | प्राइभेट मन्टेश्वरी विद्यालय | १०० | ५५०० | ५५०० | ५५०० | |
| ५२ | सैलुन/ब्युटि पार्लर | १०० | ११०० | ११०० | १००० | |
| ५३ | निर्माण व्यवसायी | १०० | ३०००० | २५००० | २०००० | |
| ५४ | ढुवानी यातायात व्यवसायी | १०० | ५५० | ३०० | कः ट्रक, बस | खः पिकअप, भ्यान |
| ५५ | कुटानी पिसानी मिल | १०० | ११०० | ११०० | ११०० | |
| ५६ | पशुपंक्षी पालन व्यवसाय | १०० | ११०० | ११०० | ११०० | |
| ५७ | कृषि व्यवसाय | १०० | ११०० | ११०० | ११०० | |
| ५८ | डुलुवा व्यवसायी प्रति पटक | | ५५० | ५५० | ५५० | |
| ५९ | तीनपाङग्रे सवारी साधन | १०० | ११०० | ११०० | ११०० | |
| ६० | घरेलु, आ.रा.का., क.से.का. र जिल्ला स्थित कार्यालयमा दर्ता भएका अन्य व्यवसायहरु | १०० | ११०० | ११०० | ११०० | |
| ६१ | प्राइभेट स्वास्थ्य क्लिनिक | १०० | ११०० | ११०० | ११०० | |
| ६२ | पेल्ट्रीक सेट (प्रति सेट) | १०० | २२०० | २२०० | २२०० | उत्पादन पछि |
| ६३ | हाइड्रो पावर (प्रति किलोवट) | १०० | ११०० | ११०० | ११०० | उत्पादन पछि |
| ६४ | चेन्सो (रुख काट्ने मेशिन) | १०० | २२०० | २२०० | २२०० | |
| ६५ | लेखापढि सम्बन्धी व्यवसाय | १०० | ११०० | ११०० | ११०० | |
| ६६ | नर्सरी दर्ता | १०० | ११०० | ८०० | ५०० | |
| | अटोपार्टस् तथा मर्मत वर्कसप | | | | | |
| ६७ | ट्याक्टर / ट्रक / बस | १०० | ५००० | | | |
| | हलुका सवारी साधन | १०० | ४००० | | | |
| | मोटरसाइकल | १०० | २५०० | | | |

**नोटः व्यवसाय बर्गीकरणः**

क- ३ लाख भन्दा माथिको पुँजी भएको ।

ख- १ लाख देखि २ लाख सम्मको पुँजी भएको ।

ग- १ लाख सम्मको पुँजी भएको ।

ख. व्यवसाय करको जरिवनाको दर आ.व २०८३/०८४ का लागि व्यवसाय करको जरिवानाको दरः

| क्र.सं. | आ.व. | जरिवाना |
|---|---|---|
| १ | आ.व. २०७६/०७७ भन्दा अगाडी सबै आ.व को | ३५ प्रतिशत |
| २ | आ.व. २०७७/०७८ | ३० प्रतिशत |
| ३ | आ.व. २०७८/०७९ | २५ प्रतिशत |
| ४ | आ.व. २०७९/०८० | २० प्रतिशत |
| ५ | आ.व. २०८०/०८१ | १५ प्रतिशत |
| ६ | आ.व. २०८१/०८२ | १० प्रतिशत |
| ७ | आ.व. २०८२/०८३ | ८ प्रतिशत |

**नोटः** प्रत्येक वर्षको असार मसान्तभित्रमा व्यवसाय नवीकरण गरिसक्नुपर्नेछ अन्यथा जरिवाना लाग्नेछ ।

**अनुसूची-५**

**दफा ६ सँग सम्बन्धित**

क. जडिबुटि र अन्य वस्तुको निकासी करको दरः

| क.सं. | विवरण | इकाइ | दर |
|---|---|---|---|
| | **नगदे बाली** | | |
| १ | अलैंची | प्रति बोरा | सुकेको-३००, काँचो-२०० |
| २ | जडीबुटी | प्रति मन | १०० |
| ३ | चिया तथा कफी सुकेको | प्रति मन | २०० |
| ४ | चिया तथा कफी हरियो | प्रति मन | १०० |
| ५ | अम्लिसो कुचो | प्रति मन | ५० |
| ६ | अदुवा | प्रति मन | ३० |
| ७ | कोदो मकै | प्रति मन | २० |
| ८ | दालचिनि | प्रति मन | २०० |
| ९ | अन्य | प्रति मन | ५० |
| | **वन पैदावर** | | |
| १ | दाउरा | प्रति ट्रक | १००० |
| २ | दाउरा | प्रति ट्याक्टर | ५०० |
| ३ | कडा काठ गोलिया सखुवा | प्रति ट्रक | ५००० |
| ४ | कडा काठ गोलिया सखुवा | प्रति ट्याक्टर | २५०० |
| ५ | गोलिया अन्य | प्रति ट्रक | १८०० |
| ६ | गोलिया अन्य | प्रति ट्याक्टर | ९०० |
| ७ | डोको मान्द्रो डालो | प्रति गोटा | ५ |
| ८ | चित्रा भकारी | प्रति गोटा | १० |
| ९ | बाँस | प्रति गोटा | ५ |
| १० | काठको दराज | प्रति गोटा | १०० |
| ११ | काठको अन्य सामान | प्रति गोटा | ५० |
| | **तेलहन दलहन** | | |
| १ | तोरी आलस | प्रति मन | २५ |
| २ | घ्यू तेल | प्रति केजी | ५ |
| ३ | दाल भटमास | प्रति मन | १०० |
| ४ | छुर्पी | प्रति केजी | ७ |
| | **तरकारी सागसब्जी** | | |
| १ | आलु फर्सी काँक्रा स्कुस मुला | प्रति मन | निःशुल्क |
| २ | रायो साग स्कुस मुन्टा निगुरो | प्रति मन | निःशुल्क |
| ३ | सिमी बोडी बेसार | प्रति मन | निःशुल्क |
| ४ | अन्य तरकारी | प्रति मन | निःशुल्क |
| ५ | खोर्सानी अकबरे | प्रति मन | निःशुल्क |
| ६ | तरुलजन्य वस्तु | प्रति मन | निःशुल्क |
| ७ | टमाटर | प्रति मन | निःशुल्क |

| क्र.सं. | विवरण | इकाइ | दर |
|---|---|---|---|
| | | **फलफुल** | |
| १ | जुनार सुन्तला कागती | प्रति मन | २५ |
| २ | नास्पाती आल्चा मेल | प्रति मन | १५ |
| ३ | केरा | प्रति घरी | १० |
| ४ | किवी एभोकार्डो | प्रति मन | १०० |
| | | **पशुपंक्षी** | |
| १ | गाई गोरु | प्रति गोटा | १०० |
| २ | भैंसी राँगा घोडा | प्रति गोटा | १२० |
| ३ | सुंगुर बंगुर बाख्रा खसी बोका | प्रति गोटा | ३० |
| ४ | बाच्छा बाच्छी पाडा पाडी | प्रति गोटा | १५ |
| ५ | सुंगुर बाख्रा पाठा पाठी | प्रति गोटा | १५ |
| ६ | हाँस कुखुरा अन्य पंक्षी | प्रति गोटा | १० |
| | | **अन्य** | |
| १ | कवाडी सामान | प्रति ट्रक | ३००० |
| २ | कवाडी सामान | प्रति ट्याक्टर | २००० |
| ३ | कवाडी सामान | प्रति पिक अप | १५०० |
| ४ | शिशाको बोतल | | निःशुल्क |
| ५ | दाना रुद्राक्ष मूल्यवान बाहेक | प्रति केजी | ५० |
| ६ | कटुस | प्रति मन | ५० |
| ७ | पांग्रा रिठ्ठा | प्रति मन | ५० |
| ८ | ईन्द्रणी बियाँ | प्रति मन | ५० |

**नोटः** अन्य जडिबुटी, कवाडी र जिवजन्तु सम्बन्धि कर कोशी प्रदेशको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

## अनुसूची-६

**दफा ७ सँग सम्बन्धित**

**सवारी साधन कर (दर्ता र नविकरण)**

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा(इ-रिक्सा) सवारी साधन दर्ता(प्रति सवारी साधन) | वार्षिक ३५०० |
| २ | सवारी साधन दर्ता नविकरण(प्रति सवारी साधन) प्रत्येक असार मसान्तसम्म गर्नुपर्ने | वार्षिक १५०० (म्याद नाघेमा नवीकरण दस्तुरको ५० प्रतिशत लाग्नेछ) |
| ३ | दर्ता नभएका सवारी साधनलाई पटके | २०० |
| ४ | मेसिन सूचिकरण २०० एच पि सम्म | ५०० |
| ५ | मेसिन सूचिकरण २०० एच पि भन्दा माथि | १५०० |

**विदेशी सवारी साधन प्रवेश शुल्क**

क. अन्य सवारी साधन सम्बन्धि कर कोशी प्रदेशको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

## अनुसूची-७

**दफा ८ सँग सम्बन्धित**

**आ.व २०८३/०८४ का लागि विज्ञापन करः**

| क्र.सं. | विवरण |
|---|---|
| १ | होडिङ्ग बोर्ड हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्र, प्रति वर्ग फूट रु.८० र अन्य क्षेत्रका लागि प्रति वर्ग फूट रु.६५ |
| २ | भित्ते लेखन हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्रमा प्रति वर्ग फूट रु.४५ र अन्य क्षेत्रका लागि प्रति वर्ग फूट रु.३० |
| ३ | पोष्टर हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्रमा प्रति वर्ग फूट रु.२० र अन्य क्षेत्रका प्रति वर्ग फूट रु.२० |

## अनुसूची-८

**दफा ९ सँग सम्बन्धित**

क. मनोरञ्जन कर कोशी प्रदेशको आर्थिक ऐन, २०८३ अनुसार हुनेछ ।

## अनुसूची-९

**दफा १० सँग सम्बन्धित**

**वहाल बिटौरी शुल्कः**

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | जोरकलश क्षेत्रका व्यापारिक स्टलहरुबाट प्रति महिना प्रति स्टल | २५०० |
| २ | पाथिभरा मन्दिर परिसरको प्रति स्टल, प्रति महिना | ६०० |
| ३ | हाँसपोखरी प्रति स्टल(गाउँपालिका निर्माण), प्रति महिना | ५०० |
| ४ | सार्वजनिक स्थल, ऐलानी पर्ती जग्गा, मूल बाटो छेउको अस्थायी छाप्रो, टहरा र आवासमा प्रतिवर्ग फुट (वार्षिक) | १५ |
| ५ | सार्वजनिक स्थल, ऐलानी पर्ती जग्गामा बनेको प्रति अस्थायी छाप्रो, टहरा र आवास (वार्षिक) | ५०० |
| ६ | सार्वजनिक स्थल, ऐलानी पर्ती जग्गामा बनेको प्रति पक्की (थप प्रति तल ५००) (वार्षिक) | १००० |
| ७ | हाटबजार, मेला आदिमा अस्थायी पसल थाप्दा प्रति सामान्य पसल (प्रतिदिन) | १०० |
| ८ | हाटबजार, मेला आदिमा अस्थायी पसल थाप्दा प्रति सामान्य बाहेकका पसल(प्रतिदिन) | २५० |
| ९ | गाउँपालिकाको कोर कट्टर प्रतिदिन | ५००० |
| १० | गाउँपालिकाको Cube Mouled प्रतिदिन | ५०० |
| ११ | गाउँपालिकाको TS प्रतिदिन | ३००० |
| १२ | गाउँपालिकाको Level Machine | १००० |
| १३ | गाउँपालिकाको GPS | १००० |
| १४ | अन्य क्षेत्रको वहाल बिटौरी शुल्क गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ। | |

## अनुसूची-१०

**दफा ११ सँग सम्बन्धित**

**पार्किङ्ग शुल्कः**

| क्र.सं. | सवारी साधानको किसिम | पार्किङ शुल्क (२४ घण्टा) |
|---|---|---|
| १ | हेभी इक्युपमेन्ट (डोजर, लोडर, एक्स्काभेटर आदि) | १०० |
| २ | बस, ट्रक, ट्र्याक्टर आदि | १०० |
| ३ | जीप, पिकअप, भ्यान कार आदि | ५० |
| ४ | अटो | ३० |
| ५ | मोटरसाइकल, स्कूटर आदि | २० |

**नोटः** गाउँपालिकाले निर्माण गरेका पार्किङ क्षेत्रमा समेत लागू हुनेछ ।

फक्ताङलुङ गाउँपालिका, इलामको आर्थिक ऐन २०८३

## अनुसूची-११

**दफा १२ सँग सम्बन्धित**

क. आ.व २०८३/०८४ का लागि सिफारिस दस्तुर, समूह दर्ता नवीकरण लगायत अन्य सेवा दस्तुरहरुः

| नगरिकता सम्बन्धि सिफारिस | | |
|---|---|---|
| क्र.सं. | सिफारिसको किसिम | सिफारिस दस्तुर |
| १ | बंशज नागरिकता सिफारिस | १६० |
| २ | अंगीकृत नागरिकता सिफारिस | ५१० |
| ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५१० |
| ४ | नागरिकता प्रतिलिपि सिफारिस | ३५० |

| सिफारिस (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७८ बमोजिम) | | | |
|---|---|---|---|
| क्र.सं. | सिफारिसको किसिम | सिफारिस दस्तुर | कैफियत |
| १ | विवाह दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| २ | जन्म दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ३ | मृत्यु दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ४ | बसाईसराई दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ५ | सम्बन्ध विच्छेद दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ६ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको प्रतिलिपी | ५०० | |
| ८ | जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी | ३० | विद्यार्थीको डिम्याट खाता संचालन प्रयोजनार्थ |
| ९ | व्यक्तिगत घटना सम्बन्धी अन्य दस्तुर तथा शूल्कहरु राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७८ को अनुसूची ३ बमोजिम हुनेछ । | | |
| १० | सामाजिक सुरक्षा भत्ता सम्बन्धी सिफारिस निःशुल्क हुनेछ । | | |

| नाता प्रमाणित सम्बन्धी सिफारिस | | | |
|---|---|---|---|
| क्र.सं. | सिफारिस को किमिस | सिफारिस दस्तुर | कैफियत |
| १ | नाता प्रमाणित (वैदेशिक प्रयोजन) | १५०० | वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भई शव ल्याउनुपर्ने अवस्थामा गर्नुपर्ने नाता प्रमाणित निःशुल्क हुने । |
| २ | नाता प्रमाणित (अन्य प्रयोजन) | ५०० | |
| ३ | नाता प्रमाणित (अंशवण्डा र नामसारी प्रयोजन) | ५०० | |

| व्यक्तिगत विवरण प्रमाणित सम्बन्धी सिफारिस | | |
|---|---|---|
| क्र.सं. | सिफारिसको किसिम | सिफारिस दस्तुर |
| १ | जन्म मिति प्रमाणित (वैदेशिक प्रयोजन) | १००० |
| २ | जन्ममिति प्रमाणित | ५०० |
| ३ | २०३७ साल अगाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० |
| ४ | २०३७ साल पछाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० |
| ५ | विवाहित वा अविवाहित प्रमाणित (वैदेशिक प्रयोजन) | १००० |
| ६ | विवाह मिति तथा अविवाहित प्रमाणित सिफारिस (अन्य प्रयोजन) | ५०० |
| ७ | विवाह प्रमाणित | २५० |

| घरजग्गा सम्बन्धी सिफारिस | | |
|---|---|---|
| क्र.सं. | सिफारिसको किसिम | सिफारिस दस्तुर |
| १ | घरजग्गा नामसारी सिफारिस | ३०० |
| २ | जग्गा धनी पूर्जा हराएको वा प्रतिलिपि सिफारिस | ५०० |
| ३ | कित्ताकाट गर्ने सिफारिस | ३०० |

| | | |
|---|---|---|
| ४ | चार किल्ला प्रमाणित सिफारिस | ५०० |
| ५ | नरबढी तथा छुट जग्गा दर्ता सिफारिस | १५०० |
| ६ | जग्गा अंशबण्डा सिफारिस | ५०० |
| ७ | जग्गाको हक सिफारिस | ५०० |
| ८ | जग्गा बर्गीकरण सिफारिस(अन्य प्रयोजन) | ५०० |
| ९ | जग्गा बर्गीकरण सिफारिस(व्यवसाय प्रयोजन) | १००० |
| १० | घरबाटो प्रमाणित सिफारिस | ५०० |
| ११ | घर कायम सिफारिस दस्तुर | कच्ची ३००, पक्की ५०० |

| अन्य सिफारिस दस्तुर | | |
|---|---|---|
| **क.सं.** | **सिफारिसको किसिम** | **सिफारिस दस्तुर** |
| १ | उपभोक्ता समितिको खाता खोल्ने, योजना सम्झौता, योजना माग, आर्थिक सहयोग सम्बन्धी सिफारिस दस्तुर | निःशुल्क |
| २ | संघ संस्थाको खाताबन्द सिफारिस दस्तुर | ३०० |
| ३ | उपभोक्ता समितिको खाताबन्द सिफारिस दस्तुर | निःशुल्क |
| ४ | कृषि बाहेकका व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय नभएको सिफारिस | ३०० |
| ५ | कृषि, पशुपंक्षी व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय नभएको सिफारिस | २०० |
| ६ | अंग्रेजी सिफारिस दस्तुर | १००० |
| ७ | रुख कटानको सिफारिस | २५० |
| ८ | विद्युत मिटर जडान सम्बन्धी सिफारिस | ५००(संस्थागत र व्यवसाय) २५० (व्यक्तिगत) |
| ९ | मिटर परिवर्तन सिफारिस | ३०० |
| १० | भु.पु. लाहुरेको सिफारिस | १००० |
| ११ | आदिवासी जनजाती प्रमाणित (दलित प्रमाणित निःशुल्क) | २०० |
| १२ | एकसगोल परिवार सिफारिस | २०० |
| १३ | करोबार प्रमाणित (कुल कारोबार अंकको) | ०.१ प्रतिशत |
| १४ | कार्यालय कागजात उतार र प्रतिलिपि (प्रति पाना) ऐनले तोकेको बाहेक | ५ |
| १५ | कोठा तथा घर खोल्ने, बन्द गर्ने रोहबर | ३०० |
| १६ | गाउँपालिका कानून संग्रह बिक्री | १५०० |
| १७ | गाउँपालिका पार्श्व चित्र | १००० |
| १८ | चालचलन सिफारिस | ५०० |
| १९ | पशु चौपाया सिफारिस | ५०० |
| २० | छात्रवृत्ति सम्बन्धी सिफारिस | निःशुल्क |
| २१ | जिवित रहेको सिफारिस | २०० |
| २२ | मृत्यु प्रमाणित सिफारिस | २०० |
| २३ | धारा जडान सिफारिस | ३०० |
| २४ | नाबालक सिफारिस (अन्य) | २०० |
| २५ | नाबालक सिफारिस (अमेरिका, क्यानाडा, अष्ट्रेलिया, जापान, मकाउ, हङकङ, सिंगापुर, इजरायल कोरिया, युरोप) | १५०० |
| २६ | पारिवारिक लगत कार्ड दस्तुर | २५ |
| २७ | पारिवारिक लगत कार्ड नविकरण | १५ |

| | | |
|---|---|---|
| २८ | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | २५०० |
| २९ | पेन्सन पट्टा सिफारिस (अन्य मुलुक) | २५०० |
| ३० | पेन्सन पट्टा सिफारिस (नेपाल) | ५०० |
| ३१ | पेन्सन पट्टा सिफारिस (भारत) | १५०० |
| ३२ | प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | ५००० |
| ३३ | फरक नामथर जन्म मिति प्रमाणित | ३०० |
| ३४ | बसाई सराई सिफारिस (आन्तरिक, गाउँपालिकाभित्र) | ३०० |
| ३५ | बसाई सराई सिफारिस (बाह्य) | ८०० |
| ३६ | बसोबास सिफारिस | २०० |
| ३७ | वैदेशिक भूतपूर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस(बेलायत र सिंगापुर) | ४००० |
| ३८ | वैदेशिक भूतपूर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस(भारत) | २५०० |
| ३९ | वैदेशिक रोजगार प्रमाणित (अन्य मुलुक) | ५०० |
| ४० | वैदेशिक रोजगार प्रमाणित (अमेरिका क्यानाडा अष्ट्रेलिया जापान युरोप) | २५०० |
| ४१ | वैदेशिक रोजगार प्रमाणित (मकाउ हङकङ सिंगापुर इजरायल कोरिया) | २००० |
| ४२ | मोबाइल टावर (Ncell ठुलो ) वार्षिक | २४००० |
| ४३ | मोबाइल टावर (Ncell सानो) वार्षिक | १२००० |
| ४४ | नेपाल टेलिकम टावर (सानो) वार्षिक | ८००० |
| ४५ | नेपाल टेलिकम टावर (ठूलो) वार्षिक | १५००० |
| ४६ | मोही लगत कट्टा सिफारिस | ७५० |
| ४७ | विद्यालय ठाउँसारी सिफारिस (निजी) | ३००० |
| ४८ | विद्यालय नामसारी सिफारिस | ३००० |
| ४९ | व्यक्तिगत घटना दर्ता संशोधन | २०० |
| ५० | व्यवसाय करमा दर्ता सिफारिस | ५०० |
| ५१ | संरक्षक सिफारिस (व्यक्तिगत) | २०० |
| ५२ | संरक्षक सिफारिस (संस्थागत) | ३०० |
| ५३ | बाटो प्रमाणित सिफारिस (व्यापरिक प्रयोजन) | १५०० |
| ५४ | बाटो प्रमाणित सिफारिस (अन्य प्रयोजन) | १००० |
| ५५ | हकदार भएको वा नभएको सिफारिस | ३०० |
| ५६ | शैक्षिक प्रमाण पत्रको प्रतिलिपि दस्तुर | ३०० |
| ५७ | आर्थिक कारोबारको तमसुक प्रमाणित दस्तुर | ५ लाखसम्म रु.५००, ५ लाख भन्दा माथि रु.१००० |
| ५८ | स्थलगत सर्जमिन मुचुल्का | १५०० |
| ५९ | ठेगाना प्रमाणित दस्तुर | २५० |
| ६० | व्यवसायको नाम परिवर्तन शुल्क | २५० |
| ६१ | व्यवसायको प्रकृति/उद्देश्य सहितको व्यवसायको नाम परिवर्तन | ५०० |
| | **परीक्षा शुल्क** | |
| ६२ | अधिकृत स्तर | १००० |
| ६३ | रा.प.अन. प्रथम वा सो सरह | ५०० |
| ६४ | रा.प.अन. द्वितीय वा सो सरह | ४०० |
| ६५ | श्रेणी विहीन | ३०० |
| ६६ | समावेशीका लागि थप | १०० |
| | **अन्य** | |
| ६७ | अन्य सामान्य सिफारिस | ३०० |
| ६८ | उल्लेखित बाहेकको सिफारिस गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ | |

**नोटः** हिंसा पिडित महिला, अति विपन्न, विपद् पिडित, अपाङ्गता लगायतका सबै प्रकारको सिफारिस निःशुल्क हुनेछ ।

| न्यायिक दस्तुर | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **दर** | **कैफियत** |
| १ | सबै प्रकारका सामान्य निवेदन दस्तुर | १० | |
| २ | उजुरी पत्र(फिराद पत्र) दर्ता | २०० | |
| ३ | प्रति उत्तर पत्र(लिखित जवाफ) दर्ता | २०० | |
| ४ | प्रतिवादी पत्र दर्ता | २०० | |
| ५ | पुनरावेदन दर्ता | ३०० | |
| ६ | मेलमिलाप पत्र, विवाद सम्बन्धी न्यायिक निर्णय प्रतिलिपी (प्रति पृष्ठ) | ५ (५ पृष्ठ भन्दा बढि भएमा) | |
| ७ | मञ्जुरीनामा, सहमति कागज, लिखत गरिदिए वापतको दस्तुर | ५०० | |
| ८ | अदालत शुल्क मिनाहा सिफारिस | ३०० | |

**नोटः** अन्यको हकमा रोङ गाउँपालिका,इलामको न्यायिक फैसला कार्यान्वयन सम्बन्धमा बनेको ऐन, २०८३ बमोजिम हुनेछ ।

| सम्पति, आम्दानी सिफारिस | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सम्पत्ति मूल्याङ्कन** | **वैदेशिक प्रयोजन** | **धितोजन्य** |
| १ | ५ लाखसम्म | ५०० | २५० |
| २ | ५ देखि १० लाखसम्म | १००० | ५०० |
| ३ | १०देखि १५ लाखसम्म | १५०० | ७५० |
| ४ | १५ देखि २० लाखसम्म | २००० | १००० |
| ५ | २०देखि १ करोडसम्म | ३००० | १२५० |
| ६ | १ करोडभन्दा माथि | ५००० | १५०० |

| 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्रको दर्ता, नवीकरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **शिर्षक** | **दस्तुर** | **कैफियत** |
| १ | निवेदन दस्तुर | १०० | प्रत्येक वर्षको असार समान्त भित्र नविकरण गरिसक्नुपर्नेछ, अन्यथा जरिवाना लाग्नेछ । |
| २ | निर्माण व्यवसाय इजाजत पत्र दस्तुर | ८००० | |
| ३ | इजाजत पत्र नवीकरण दस्तुर | ५००० | |
| ४ | नविकरण म्याद नाघेमा थप दस्तुर | ३००० | |
| ५ | नामसारी दस्तुर | २५०० | |
| ६ | इजाजतपत्रको नाम परिवर्तन दस्तुर | १५०० | |
| ७ | ठाउँसारी सिफारिस दस्तुर | २५०० | |
| ८ | इजाजतपत्रको प्रतिलिपि | ५०० | |

| क्र.सं. | शीर्षक | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी संस्था दर्ता निवेदन दस्तुर | १०० | प्रत्येक वर्षको असार समान्त भित्र नविकरण गरिसक्नुपर्नेछ, अन्यथा जरिवाना लाग्नेछ । |
| २ | खानेपानी संस्था दर्ता प्रमाण पत्र दस्तुर | १००० | |
| ३ | खानेपानी संस्था दर्ता नवीकरण दस्तुर | ५०० | |
| ४ | खानेपानी संस्था नवीकरण म्याद समाप्त भएमा थप दस्तुर | २५० | |
| ५ | साना सिंचाई उपभोक्ता संस्था दर्ता निवेदन दस्तुर | १०० | |
| ६ | साना सिंचाई उपभोक्ता संस्था दर्ता प्रमाण प्रत्र दस्तुर | २००० | |
| ७ | साना सिंचाई उपभोक्ता संस्था दर्ता नविकरण दस्तुर | ५०० | |
| ८ | साना सिंचाई उपभोक्ता संस्था नवीकरण म्याद समाप्त भएमा थप दस्तुर | २५० | |
| ९ | कृषि/पशु समूह दर्ता | १००० | |

| | | | |
|---|---|---|---|
| १० | कृषि/पशु समूह नवीकरण | ५०० | प्रत्येक वर्षको असार समान्त भित्र नविकरण गरिसक्नुपर्नेछ, अन्यथा जरिवाना लाग्नेछ । |
| ११ | कृषि/पशु समूह नविकरण म्याद समाप्त भएमा थप दस्तुर | २५० | |
| १२ | गैर सरकारी संघ/संस्था दर्ता प्रमाण पत्र | १५०० | |
| १३ | गैर सरकारी संघ/संस्था दर्ता प्रमाण पत्र नविकरण | १००० | |
| १४ | गैर सरकारी संघ/संस्था नविकरण म्याद समाप्त भएमा थप दस्तुर | ५०० | |
| १५ | ठूला उद्योग दर्ता | १०००० | |
| १६ | ठूला उद्योग दर्ता नवीकरण दस्तुर | ५००० | |
| १७ | ठूला उद्योग दर्ता नवीकरण म्याद समाप्त भएमा थप दस्तुर | २५०० | |
| १८ | मझौला उद्योग दर्ता | ५००० | |
| १९ | मझौला उद्योग दर्ता नवीकरण दस्तुर | २५०० | |
| २० | मझौला उद्योग दर्ता नवीकरण म्याद समाप्त भएमा थप दस्तुर | २००० | |
| २१ | साना तथा लघु उद्योग दर्ता | २५०० | |
| २२ | साना तथा लघु उद्योग दर्ता नवीकरण दस्तुर | १५०० | |
| २३ | साना तथा लघु उद्योग दर्ता नवीकरण म्याद समाप्त भएमा थप दस्तुर | १००० | |
| २४ | सबै दर्ता प्रमाण पत्र प्रतिलिपि | २०० | |
| २५ | समूह दर्ता दस्तुर | १००० | |
| २६ | समूह दर्ता नविकरण दस्तुर | ५०० | |
| २७ | समूह दर्ता नविकरण म्याद समाप्त भएमा थप दस्तुर | २५० | |
| २८ | कृषि/पशु फर्म दर्ता शुल्क | १००० | |
| २९ | कृषि/पशु फर्म दर्ता नविकरण दस्तुर | ५०० | |
| ३० | कृषि/पशु फर्म नविकरण म्याद समाप्त भएमा थप दस्तुर | २५० | प्रत्येक वर्षको असार समान्त भित्र नविकरण गरिसक्नुपर्नेछ, अन्यथा जरिवाना लाग्नेछ । |
| ३१ | पशुपंक्षी तथा मिश्रित फर्म दर्ता शुल्क | १००० | |
| ३२ | पशुपंक्षी तथा मिश्रित फर्म दर्ता नविकरण दस्तुर | ५०० | |
| ३३ | पशुपंक्षी, मिश्रित फर्म नविकरण म्याद सकिएमा थप दस्तुर | २५० | |
| ३४ | निजि वन दर्ता | ५०० | |

**जलस्रोत उपयोग सम्बन्धी शुल्क/दस्तुरहरुः**

| क्र.सं. | जलस्रोत उपयोगको किसिम | निवेदन दस्तुर | दर्ता अनुमति पत्र दस्तुर | नविकरण दस्तुर | म्याद नाघेमा थप दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी मुहान दर्ता (घरेलु प्रयोजन) | १०० | १००० | ५०० | ५०० | प्रत्येक वर्षको असार समान्त भित्र नविकरण गरिसक्नुपर्नेछ, अन्यथा जरिवाना लाग्नेछ । |
| २ | सिंचाई | ५०० | १००० | ५०० | ५०० | |
| | बार्षिक शुल्क | प्रति रोपनी १५ | | | | |
| ३ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | ५०० | १००० | ५०० | ५०० | |
| ४ | जल पर्यटन | १००० | १०००० | ५००० | ५००० | |
| ५ | पानी बोटलिङ्ग उद्योग संचालन | १००० | २५००० | १०००० प्रति लि. ०.२५ पैसा | ५००० | |
| ६ | अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनका लागि जलस्रोत उपलब्ध गराए बापत | १००० | २५००० | १०००० | ५००० | |

नोटः टोल विकास संस्थाको दर्ता र नविकरण निःशुल्क हुनेछ ।

सूचीकृत दस्तुरः

| सूचीकृत दस्तुर | | |
|---|---|---|
| क्र.सं. | किसिम | दस्तुर |
| १ | कृषि तथा पशुपन्छी फर्म | १०० |
| २ | परामर्श सेवा फर्म | १५०० |
| ३ | निर्माण व्यवसायी फर्म | २००० |
| ४ | हेभि इक्विपमेन्ट २०० एच पि सम्म | १००० |
| ५ | हेभि इक्विपमेन्ट २०० एच पि भन्दा बढि | १५०० |
| ६ | फर्निचर उद्योग | १००० |
| ७ | एडभटरटाइजिङ्ग, छापा माध्यम/अनलाइन पत्रपत्रिका, टि.भि, एफ.एम. आदि | १००० |
| ८ | अफसेट प्रेस | १००० |
| ९ | विद्युत सामाग्री खरिद बिक्री सम्बन्धी सबै | १००० |
| १० | कम्प्यूटर मर्मत सप्लायर्स फर्म | १००० |
| ११ | औषधी तथा सर्जिकल सामाग्री सम्बन्धी फर्म | १००० |
| १२ | विविध आयात निर्यात व्यापार गर्ने फर्म | १००० |
| १३ | सूचना केन्द्र मार्फत पर्यटकीय स्थल तथा होटल लजको प्रचार प्रसार गरे वापतको सेवा शुल्क (मासिक) | १००० |
| १४ | स्टेशनरी/किराना रोङ गाउँपालिका भित्र सञ्चालित रहेको | ५०० |
| १५ | स्टेशनरी/किराना रोङ गाउँपालिका बाहिर सञ्चालित रहेको | १००० |
| १६ | अन्य सुचिकृत दस्तुर | १००० |
| १७ | अन्य सूचिकृत दस्तुर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । | |

नोटः **५० हजार भन्दा बढि कारोबार गर्ने फर्मले अनिवार्य सूचिकृत हुनुपर्नेछ ।**

| अन्य सेवा शुल्क | | |
|---|---|---|
| क्र.सं. | किसिम | दस्तुर |
| १ | गाउँपालिकाले निर्माण गरेको सार्वजनिक शौचालयमा पिसाब गरेको | १० |
| २ | गाउँपालिकाले निर्माण गरेको सार्वजनिक शौचालयमा दिसा गरेको | १५ |

| नक्शा पास दस्तुर | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | प्रकार | प्रति वर्ग फुट (पक्की घरको मात्र) | | | |
| | | दर्ता शुल्क | कालोपत्रे सडक | कच्ची मूल सडक | कच्ची शाखा सडक |
| १ | निजी प्रयोजन | | ७ | ६ | ५ |
| २ | व्यवसायिक प्रयोजन | | १५ | १० | ७ |

**स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य चौकी/स्वास्थ्य एकाईमा प्रयोगशाला (ल्याब) सम्बन्धी सेवाहरु दस्तुरः**

| क्र.स. | विवरण | शुल्क |
|---|---|---|
| १. | क्षयरोग खकार परिक्षण (Sputum for AFB) | निःशुल्क |
| २. | औलो रक्त नमुना संकलन तथा परिक्षण (M.P) | निःशुल्क |
| ३. | Pregnancy Test (PMTCT) | निःशुल्क |
| ४. | ANC Package | ७०० |
| ५. | C.B.C | १५५ |
| ६. | Blood sugar | ५० |
| ७. | Urine R/E | ४० |

| | | |
|---|---|---|
| ८. | HbSAg | २५० |
| ९. | VDRL | १२० |
| १०. | Uric Acid | १२० |
| ११. | Uria, creatinine | १३० |
| १२. | Stool R/E | ४० |
| १३. | Blood Grouping Test | ४५ |
| १४. | Bilirubin | १३० |
| १५. | Widal Test | १३० |
| १७. | Urine for pregnancy Test | १०० |
| १८. | HIV Test | २५० |

**रुख कटान सर्जिमिन मुचुल्का/अमिन दस्तुरः**

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | निजी रुख कटान प्रयोजनको लागि सर्जिमिन मुचुल्का | ५५०० र थप प्रति कित्ता ३००० |
| २ | अमिन, सर्भेयर सेवा शुल्क प्रति कित्ता | ५००० (व्यवसाय प्रयोजनार्थ) |
| ३ | अमिन, सर्भेयर सेवा शुल्क (अंशबण्डा) प्रति कित्ता | १००० |

**प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्कः**

- प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको दर कोशी प्रदेशको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

**अवैध वस्तु बरामद/नियन्त्रण गरेबापतः**

- कुनै व्यक्ति/निकायको सूचना/बरामद/नियन्त्रण मार्फत गाउँपालिकाले असुलउपर गरेको कारवाहि तथा जरिवाना स्वरुप जम्मा हुने रकमको ३० प्रतिशत रकम सम्बन्धित बरामद/नियन्त्रण गर्ने निकाय/व्यक्तिलाई प्रोत्साहन स्वरुप प्रदान गर्ने ।

**वनपैदावर बिक्रिमा लाग्ने करः**

- वनपैदावर बिक्रीमा लाग्ने कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

**अनुसूची-१२**

**दफा १३ सँग सम्बन्धित**

क. पर्यटन सम्बन्धि शुल्क कोशी प्रदेशको आर्थिक ऐन २०८३ बमोजिम हुने छ ।

**अनुसूची-१३**

**दफा १४ सँग सम्बन्धित**

- यस आर्थिक ऐन बमोजिम कुनै प्रकारको कर छुट दिइएको छैन ।

**अनुसूचि-१४**

**दफा १५ सँग सम्बन्धित**

- यस ऐनले व्यवस्था गरेको कर तथा शुल्कको संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**अनुसूचि-१५**

**दफा १६ सँग सम्बन्धित**

- उल्लेखित कर, दस्तुर र शुल्क बाहेकको राजस्व गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसको आधारमा गाउँकार्यपालिकाले निर्णय बमोजिम हुनेछ ।

आज्ञाले:

विनोद कुमार चौहान

प्रमुख प्रशासकिय अधिकृत